लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
रोल्पा

फोन/फ्याक्स नं. ०८६-४४००५६
फोन ०८६-४४०३३२
E-mail : vethosrolpa@gmail.com
www.rolpa.vethos.gov.np

प.स. २०८१/०८२
च.नं.

## प्रस्ताव आह्वानको सूचना

### दोस्रो पटक प्रकाशित मितिः२०८१/०७/२३ गते

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रोल्पाको चालू आ.व. २०८१/८२ को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत तपशिल वमोजिमका कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न ईच्छुक आवेदकहरुका लागी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र ( मिति २०८१/०८/७ गते कार्यालय समय भित्र ) तोकिए बमोजिमका आवश्यक कागजपत्रहरु संलग्न गरी प्रस्ताव पेश गर्न यो सूच्ना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड, कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि-२०८१ लगायत आवश्यक विवरणहरु यस कार्यालयको सूचनापाटी/वेवसाईट www.rolpa.vethos.gov.np वा सम्बन्धित पालिकावाट समेत प्राप्त गर्न सकिनेछ ।रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।अन्य जानकारीको लागी यस कार्यालयको फोन नं.०८६४४००५६ वा सूचना अधिकारीको सम्पर्क नं. ९८५७८७७०२६ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

<u>तपसिल</u>

| क्र.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | सञ्चालन हुने क्षेत्र | आवेदक को किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | बंगुर प्रवर्द्धन कार्यक्रम ( जम्मा वजेट रु.२० लाख ) | खोर निर्माण /सुधार, मेसिनरी औजार, आहारा, नश्ल उपचार, खोप तथा जैविक सुरक्षा । | १.फार्म/कम्पनी / कृषक समुह/ सहकारी माफर्त कार्यक्रम सञ्चालन गर्न सकिने । २. प्रति फार्म कम्तिमा ३ वटा माउ सहित ५ वटा वंगुर पालन गरेको हुनुपर्ने। ३.समुह/ सहकारीको हकमा कम्तिमा २० माउ वंगुरपालन गरेको हुनु पर्ने । पशुहरुमा विमा गर्ने अभ्यास भएका ४. फार्म/कम्पनी / कृषक समुह/ सहकारी संस्थालाई प्राथमिकता हुनेछ। | जिल्ला भरी | फार्म/ कम्पनी / कृषक समुह/ सहकारी | १.पुर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत २. अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा ५० % ३. फार्म/ कम्पनी प्रति आयोजना अधिकतम रु.१ लाख र समुह सहकारी अधिकतम रु.३ लाख अनुदान दिन सकिने । |

डा. शंकर न्यौपाने
कार्यालय प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | प्लाष्टिक पोखरी निर्माण (जम्मा वजेट रु.३ लाख ) | २०० देखि ५०० वर्ग मिटरको पोखरी निर्माण गरी पिधमा १२० र डिलमा २०० ग्राम प्रति स्क्वायर मिटर बहुपत्रिय प्लाष्टिक प्रयोग गर्नु पर्ने । | १. पानीको भरपर्दो मुहान/ स्रोत भएको, एडभान्स फिङ्गलिङ स्टकिङ गर्नु पर्ने तथा स्थानीय दाना प्रयोग एवम् पारिवारिक पोषणमा सुधार ल्याउन आवश्यक मात्रा उपभोग गरेर अतिरिक्त भएको वजारमा विक्रि वितरण गर्नु पर्ने । | जिल्ला भरी | फार्म / कम्पनी | प्रति आयोजना अधिकतम रु.१ लाख मात्र वा कुल लागतको ७५ प्रतिशत |
| ३ | वाख्रा प्रवर्द्धन कार्यक्रम (जम्मा वजेट रु.१५ लाख ) | १.खोर निर्माण/ सुधार<br>२.मेशिनरी औजार<br>३.पोषणयुक्त आहारा<br>३.नश्ल सुधार<br>४.औषधि तथा खोप, तथा जैजिक शुरक्षा । | १.फार्म/कम्पनी / कृषक समुह/ सहकारी माफर्त कार्यक्रम सञ्चालन गर्न सकिने ।<br>२. प्रति फार्म कम्तिमा ५ वटा माउ वाख्रा पालन गरेको हुनुपर्ने।<br>३.समुह/ सहकारीको हकमा कम्तिमा ५० माउ वाख्रा पालन गरेको हुनु पर्ने ।<br>४. पशुहरुमा विमा गर्ने अभ्यास भएका फार्म/ कम्पनी / कृषक समुह/ सहकारी संस्थालाई प्राथमिकता हुनेछ। | त्रिवेणी गाउँपालिका कृषकका लागी मात्र | कृषक फार्म/ उद्यमी/ समुह / सहकारी | १.पुर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत २. अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा ५० प्रतिशत<br>३. फार्म/ कम्पनी प्रति आयोजना अधिकतम रु.१ लाख र समुह सहकारी अधिकतम रु.५ लाख अनुदान दिन सकिने । |

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन ( अनुसूचि - ३३ बमोजिम )

२. दर्ता/ नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समुह/नीजि फर्म/कम्पनी/सहकारी)

३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (निजी फर्म/कम्पनी/सहकारी)

४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर तथा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको को प्रतिलिपि (छुनौट भएमा सम्झौता पूर्व पेश गर्नुपर्ने )

५. कार्यक्रम सञ्चालनका लागी व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव ( अनुसूची – ३६ वमोजिम )

६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि

८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि

९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा

१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिऽऽई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्षको करार पत्र)

डा. शंकर न्यौपाने
कार्यालय प्रमुख